# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-२७ | २०७७ माघ १४ गते बुधबार | 27 January 2021 Wednesday | मूल्य रू. १०/-


## जाडोमा खरको छानामै बाढी पीडित

**मिसन न्यूज**

**कालिकोट**

जिल्लाको नरहरीनाथ गाउँपालिकाका बाढी पीडितले ६ महिना बित्दा पनि सुरक्षित बास पाउन सकेका छैनन्। गत साउन महिनाको १३ गतेको राति गाउँमा भिषण पहिरो आएपछि घर बार बिहीन भएका त्यहाँका दुई सय ६ घरधुरीले पहिरो गएको ६ महिना बितिसक्दा समेत सुरक्षित बास पाउन नसकेर नजिकैको सुगुँरखालको एक सामुदायिक जंगलमा हिउँदको कठ्यांग्रिँदो चिसोमा त्रिपालमा बस्न बाध्य छन्। साउन १३ गते राति आएको भिषण पहिरोले गाउँपालिकाको वडा नं. ४ र ७ का २ सय ६ धरधुरी पुर्णरुपमा क्षतिग्रस्त भई गाउँपालिकाले पीडितहरको व्यवस्थापनका लागी सामुदायिक वनमा अस्थायी टहरा बनाएर बसालेको थियो। माघ महिनाको कठ्यांग्रिँदो चिसोमा त्रिपाल र खरको छानामा बस्नु पर्दा बालवालिका र वृद्धवृद्धाहरु लाई निकै असहज भएको बाढी पिडित रतन बुढाले गुनासो गरे। उनले भने, 'हामीहरुको छिट्टै व्यवस्थापन गरीदिएको भए, बाच्न सकिन्थ्यो कि ?' छ महिना बितिसक्यो आफुहरुको व्यवस्थापन हुन सकिरहेको छैन। हिउँदको महिनामा बालवालिका र वृद्धवृद्धालाई बचाउन निकै कठिन छ। उनले भने, 'केही त्रिपालमा छन, केही खरको छानामा



वाढि पीडित बस्ने खरको छाना। तस्विर : मिसन न्यूज

बस्न बाध्य छौँ। गाउँपालिकाले अस्थायी टहरा बनाएर बसालेको छ। प्रदेश सरकारले घर बनाई दिने भनेपनी अहिलेसम्म केही गरेको छैन', उनले गुनासो पोखे। रतन बुढाको मात्र यस्तो गुनासो छैन, जंगलको कठ्यांग्रिँदो चिसोमा बसिरहेका बाढी पीडित धनबहादुर सहकारीको पनी यस्तै गुनासो छ। 'प्रदेश सरकारले दिने भनेको एक लाख राहत पनि अहिलेसम्म पाएका छैनौं। तीन महिना भयो चेक दिएको अझै खातामा पैसा हालेको छैन। हाल्छौं भन्छ, अहिलेसम्म पीडितलाई खाली चेक दिएर झुकाएको छ। जंगलमा त्रिपाल हालेर चिसोमा बस्न वाध्य छौँ। हामीहरुको पिढा न स्थानिय सरकारले बुझेको छ, न प्रदेश सरकारले ', उनले भने। गाउँपालिकाका २ सय ६ घरधुरीका लागि जग्गा छुटाईसकेको गाउँपालिकाले जनाएको छ। जिल्ला वमसंग सहयोग मागेर २ सय ६ बाढी पीडितका लागि सो वडामा रहेको सार्जजनिक ८३ हजार पाँच सय २० वर्ग मिटर जग्गा अमिनको टोलीले नापिसकेको गाउँपालिका अध्यक्ष धिरबहादुर विष्टले जानकारी दिए। अव तत्काल उनिहरुको व्यवस्थापन गर्ने तर्फ लागिरहेको जानकारी दिए।

## दुई दिनदेखि हवाई उडान प्रभावित

**मिसन न्यूज**

**हुम्ला**

हुम्लाको सिमिकोटमा दुई दिनदेखि हवाई उडान अवरुद्ध भएको छ। तराईमा चलेको बाक्लो हुस्सु र सिमकोटमा चलेको हावाहुरीका कारण बुधबार देखि हवाई उडान प्रभावित भएको हो। बुधबार बिहानैबाट हुस्सुले नेपालगञ्ज नखुल्नु र सुर्खेतमा हुम्ला उडान भर्ने हवाईजहाज नभएका कारण हवाई सेवा प्रभावित भएको जनाइएको छ।

नेपालगञ्जमा बाक्लो हुस्सु र सिमकोटमा बिहानदेखि हवाहुरी चलेका कारण दुई दिनदेखि हवाई सेवा प्रभावित भएको नागरिक उड्डयन प्राधिकरण सिमकोटका प्रमुख विष्णुप्रसाद अधिकारीले जानकारी दिए। हरेक बिहान साढे ६ बजेदेखि ७ बजेभित्र सिमकोट विमानस्थलमा हवाईजहाजले अवतरण गर्ने भए पनि तराईमा चलेका शीतलहर र हुम्लामा चलेको हावाहुरीकै कारण कुनै जहाजले सिमकोटमा उडान नभरेको विमानस्थलले जानकारी दिएको छ। नेपालञ्जको मौसम सफा भए पनि सिमकोटमा बिहानै चलेको हावाहुरीले हवाई उडान प्रभावित भएको हो। सुर्खेतमा मौसम सफा भए पनि जहाज नभएका



हुम्लाको सिमकोटमा अवस्थित विमानस्थल। तस्विर : मिसन न्यूज

कारण उडान हुन नसकेको हो। नेपालगञ्ज र सुर्खेतबाट सीता, समिट, तारा र नेपाल एयर लाइन्सले हुम्लाका लागि उडान भर्ने गर्छन्। उडान नहुँदा नेपालगञ्ज र सुर्खेतबाट आउने यात्रु मर्कामा परेका छन् भने सिमकोटबाट नेपालगञ्ज र सुर्खेत झर्ने यात्रु पनि सिमकोटमै रोकिएका छन्। यसैगरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कम्पनीको ढुवानी अनुदानको खाद्यान्न, दैनिक उपभोग्य सामान, तरकारी र कार्गोको सामान पनि ढुवानी हुनसकेको छैन। हवाई सैवा गर्ने यात्रुहरु विमानस्थलमा पर्खनु परेको छ।

## पोषण शिक्षा आवश्यक

**सुर्खेत**-कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीमा पोषणसम्बन्धी शिक्षा आवश्यक भएको बताए। कर्णाली प्रदेश नीति तथा योजना आयोग सुर्खेतद्वारा बुधबार यहाँ आयोजित बहुक्षेत्रीय पोषण योजनासम्बन्धी अभिमुखीकरण कार्यक्रममा उनले यहाँका नागरिकको खाद्यान्नमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिएका हुन्। कर्णालीमा कुपोषणलगायतका थुप्रै रोग छन्, उनले भने,यसका लागि तालिम एवं प्रशिक्षण होइन, पोषणसम्बन्धी जनस्तरसम्म शिक्षा चाहिएको छ। कर्णालीमा भोक लागेपछि मात्र खाने अवस्था विद्यमान छ भन्दै मुख्यमन्त्री शाहीले कर्णाली प्रदेशलाई कुपोषणमुक्त प्रदेश बनाउने खालको नीति, कार्यक्रम तथा बजेट निर्माण गरेर अघि बढ्ने बताए। उनले कर्णालीका



नागरिकको प्रारम्भिक स्वास्थ्यसम्बन्धीको ज्ञान पाठ्यक्रममा नै उल्लेख गर्नुपर्नेमा जोड दिए। प्रदेश योजना आयोगका उपाध्यक्ष डा सर्वजित खड्काले सबै सरोकारवालाको एकीकृत कार्ययोजनाबाट कर्णालीको कुपोषण दर घटाउन सकिने बताए। यसका लागि सबैको हातेमालो आवश्यक रहेको उनको भनाइ थियो। अभिमुखीकरणमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव वसन्त अधिकारी र युनिसेफका नेपाल प्रतिनिधि प्रकाशचन्द्र जोशीले कर्णालीको पोषणसम्बन्धी तथ्याङ्कीय प्रस्तुति राखेका थिए।


**सम्पुर्णमा अनुरोध**

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**महावै गाउँपालिकाको कार्यालय कालिकोट**

# सम्पादकीय...

## रोगभन्दा रोजगारी संकट

विश्वव्याधि कोरोना भाइरसले जनस्वास्थ्यमा जति मात्रामा भय बढाएको छ, त्योभन्दा ठूलो सन्त्रासका रुपमा रोजिरोटीको संकट देखा पर्दैछ । त्यसका सुरुवाती संकेत प्रष्टै सामुन्नेमा देखिन थालेका छन् । आजको पहिलो चुनौती, सकेसम्म धेरै जीवनहरू कोरोना विषाणुबाट बचाउनु हो । मानिसको जीवनलाई पैसाले किन्न सकिने कुरै भएन । तर रोगभन्दा भोक ठूलो बन्दै गएको यो विश्वमा दोस्रो चुनौती झन् भयावह छ । पहिलो विश्वदेखि विकासोन्मुख देशसम्म ठूलो संख्यामा रोजगारी कटौती हुँदैछन् ।

कोरोना भाइरसकै कारण विश्व नयाँ समस्याबाट घेरिन पुगेको छ । नेपाल अछुतो रहने कुरै भएन । भाग्यवश पहिलो कोरोना संक्रमित देखिएको तीन महिना पुग्दासम्म कोरोनाबाट कोही नेपालीले पनि मृत्युवरण गर्नुपरेको छैन । संक्रमणको संख्या तीन सय छुन लाग्दासम्म भयानक अवस्था बेहोर्नु परेको छैन । तर यसको ठूलो असर भने हाम्रो अर्थतन्त्रले बेहोर्न थालिसकेको छ । नेपाल म्यागजिनले यसै सन्दर्भमा रोजगारी संकटबारे एउटा बिलकुलै नयाँ शृंखला थालेको छ । यसमा हामी स्वदेशभित्र औपचारिक क्षेत्रभित्र काम गर्ने कर्मचारीहरूदेखि सडक छेउमा मकै पोल्ने, इटा बोक्ने मजदुरका कुरा गर्ने छौं ।

आंशिक ज्यालादारीमा काम गर्ने मानिसहरूदेखि, अर्धरोजगारीका क्षेत्रमा काम गर्नेहरूप्रति हाम्रो ध्यान गएको छ । युरोप अमेरिकाजस्ता पहिलो विश्वमा श्रम बेच्न जानेहरूदेखि खाडी, मलेसिया, कोरियाजस्ता देशहरूमा पुग्ने नेपालीहरूले भोग्नुपरेका कोरोना नियतिबारे यो शृंखलामा कुरा गर्नेछौं । यो नदेखिने अदृश्य भाइरसका कारण रोजीरोटी गुमाउने ती श्रमिकहरूबारे राज्यले चासो देखाउन ढिलो हुँदैछ । तीमध्ये अधिकांश अब स्वदेश फिर्ने, अनि यहाँ पनि बेरोजगार नै हुने खतरा छ । के थाहा, यो रोजगारी संकटले अर्को अनपेक्षित विद्रोहका लागि परिस्थिति उर्वर पो बनाइदिने हो कि ? अन्यत्रका आर्थिक मन्दीका दृष्टान्तले यसै भन्छन् । समय छँदै योजना बनाउन अलि अलि गर्दै समय घर्किन थालेको छ । सरकारले नीति तथा कार्यक्रममा आफ्नो प्राथमिकता पक्कै खुट्याउला । अनि आउँदो बजेटले पक्कै यसबारे गम्भीर विचार गर्ला ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# प्रदेशसभा अधिवेशन अनिश्चित

**मिसन न्यूज**
**सुर्खेत**

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दुई समूहमा विभाजित भएपछि यसको असर प्रदेशसभासमेत परेको छ । नेकपाको सरकार रहेको कर्णाली प्रदेशमा पार्टीमा देखिएको सङ्कटका




कारण प्रदेशसभा अधिवेशन अनिश्चित बन्न पुगेको हो । नेकपा विभाजित भएपछि प्रदेश सरकारले अधिवेशन बोलाउने कुनै तयारी गरेको छैन । यसअघिका दुई अधिवेशन कोभिड- १९ महामारीका कारण प्रभावित हुन पुगेका थिए । प्रदेशसभाको बजेट अधिवेशन गत कात्तिक ९ गते अन्त्य भएको थियो । प्रदेशसभा अधिवेशन आह्वान गर्दा सांसदहरुले समूह फेरबदल गरी सरकारमाथि अविश्वासको प्रस्ताव ल्याउनसक्ने जोखिम कायमै रहेकाले सरकार तत्काल अधिवेशन बोलाउने तयारीमा छैन । चालिस सदस्यीय प्रदेशसभामा हाल नेकपाको दाहाल-नेपाल पक्षमा २२, नेकपाको ओली पक्षमा ११, नेपाली कांग्रेसका छ र राप्रपाका एक सांसद छन् । सात सदस्यीय प्रदेश मन्त्रिपरिषद्मा हाल दाहाल-नेपाल समूहको मात्र बर्चस्व छ । प्रदेशसभा सचिव जीवराज बुढाथोकीले सरकारले अधिवेशन बोलाएमा सचिवालय बैठक बसाल्न तयार रहेको जानकारी दिए । 'प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखले अधिवेशन आह्वान गर्ने व्यवस्था छ, दुई अधिवेशनबीचको अन्तर छ महिनाभन्दा बढी गर्न मिल्दैन्', उनले भने, 'बर्खे (बजेट) अधिवेशन ढिला अन्त्य भयो, त्यसैले वैशाख ८ गतेसम्म हिउँदे अधिवेशन आह्वान गरिसक्नुपर्छ ।' सरकारले चाहेमा उक्त मितिअगावै वा प्रदेशसभा सदस्यले चाहेमा विशेष अधिवेशन पनि बोलाउन सकिने उनको भनाइ छ । प्रदेशसभा सचिवालयका अनुसार तीन वटा विधेयक विषयगत समितिबाट छलफल पूरा भएर प्रदेशसभा बैठकमा पेश गर्न तयारी अवस्थामा छन् । गत असोजदेखि यता मात्रै सरकारले पाँच विधेयक प्रदेशसभामा दर्ता गरेको छ । प्रदेश प्रहरी सेवा, सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान, पर्वतीय ज्ञान, विज्ञान तथा प्रविधि विश्वविद्यालय, शान्ति तथा पुनःस्थापना केन्द्र स्थापनासम्बन्धी केही महत्वपूर्ण विधेयकमाथि छलफल हुन सकेको छैन । त्यस्तै नेकपा विवादका कारण प्रदेशसभामा विषयगत

**बाँकी ८ पेजमा.....**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# कोरोना कहर : निरीह सरकार



देवेन्द्रकुमार सेजुवाल

नेपाल राष्ट्र बैंकले गरेको सर्वेक्षणअनुसार कोरोनाको कारण २२.५० प्रतिशतले रोजगारी गुमाएका छन्, जब कि यही अवधिमा भारतमा करिब २ प्रतिशतले मात्र रोजगारी गुमाएको सेन्टर फर मोनिटरिङ इण्डिया इकोनमी ( सीएमआईई) को तथ्यांकले देखाउँछ। कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण विश्व यतिबेला आक्रान्त छ। विश्वले अहिले आर्थिक तथा स्वास्थ्य संकट एकै पटक सामना गरिरहेको छ । कोरोनाका कारण नेपालमा पनि आर्थिक लगायत सम्पूर्ण क्षेत्र प्रभावित छन्। यसले भविष्यमा कस्तो प्रभाव पार्ने हो, यसै भन्न सकिने अवस्था छैन। दिन प्रतिदिन अवस्था जटिल बन्दै गइरहेको छ। लाखौंको संख्यामा नागरिकहरुले रोजगारी गुमाइरहेका छन् । समय परिस्थिति अनुसार नयाँनयाँ रोजगारीका अवसरहरु सिर्जना हुनुपर्ने हो, तर राज्य त्यसमा चुक्दै गइरहेको छ। भएका उद्योग तथा व्यवसायहरु बन्द हुँदै गएका छन् । कृषि प्रधान मुलुकमा किसानहरुले पर्याप्त मात्रामा मलसमेत पाउन नसकिरहेको लज्जास्पद अवस्था हाम्रो सामु छ। संकटले अवसरका ढोकाहरु खोल्छ भनिन्छ । थुप्रै उदाहरणहरुलाई हेर्ने हो भने यसमा विश्वास गर्न पनि सकिन्छ।

जस्तो- दोस्रो विश्वयुद्धको अकल्पनीय भूकम्पले जापानको विकासका पूर्वाधारहरु तहसनहस भएका थिए । जापान राजनैतिक, आर्थिक तथा सामाजिक हिसाबले संकटको चरम बिन्दुमा थियो। तर त्यही समय अर्थात सन् १९५० देखि १९८० सम्मको अवधिलाई मात्र हेर्ने हो भने जापानी इतिहासमा स्वर्ण अक्षरले अंकित छ । विश्वयुद्धले तहसनहस भएका जापानी विकासका पूर्वाधारहरु राज्यको परिपक्व र दूरदर्शी योजना, रणनीति र प्रतिवद्धताका साथै त्यहाँको नागरिक एवं युवाशक्तिको ऐक्यावद्धताले जापान आज विश्वमञ्चमा कुन अवस्थामा छ भन्ने हामीमाझ छर्लङ छ। यहाँ जापानको उदाहरण किन पनि उल्लेख गरिएको हो भने जापानले संकटलाई जसरी अवसरमा परिणत गऱ्यो नेपालले त्यो गर्न सकिरहेको छैन । २०७२ सालको महाभूकम्पले ल्याएको संकट होस् वा १० वर्षे सशस्त्र द्वन्द्वको संकट पछिको शान्ति प्रक्रियामा होस्, नेपालले जुन रुपमा विकासको बाटो समात्नु पर्ने हो, त्यो भएन । राजनीतिक दलका नेताहरु आफू सम्पन्न हुने बाटोमा लागे र मुलुकलाई कहिल्यै उठ्न नसक्ने गरी भ्रष्टाचार र अराजकताको दलदलमा फसाए । हाम्रो जस्तो मुलुकको लागि अवसरको रुपमा आएको पछिल्लो कोरोना संकटले पनि राज्यसत्तामा सत्तासिन नेताहरुको अवस्था फेरिने पक्कापक्की जस्तै छ। तर मुलुकको अवस्था झन नाजुक हुने निश्चित छ। यो अन्यन्तै दुःखदायी अवस्था हो । संकटको रुपमा आएका कुनै पनि महामारी वा प्रकोपले सबैभन्दा पहिले र सबभन्दा बढी असर गरिब तथा न्यून आय भएका नागरिकलाई नै गर्छ । यो असर अल्पकालीन मात्र नभएर दीर्घकालीन पनि हुन सक्छ । हामी अहिले देखिरहेका छौं, कोरोना महामारीमा सबैभन्दा बढी प्रभावित र रोजगारी गुमाउनेमा न्यून आय भएका नागरिकहरु नै छन् । उनीहरुको दैनिक जनजीविका अहिले कष्टकर बन्दै गइरहेको छ। नेपाल राष्ट्र बैंकले गरेको सर्वेक्षणलाई आधार मान्ने हो भने कोरोना महामारीको अवधिमा औषतमा २२.५० प्रतिशतले रोजगारी गुमाएको देखिन्छ । जबकी यहि अवधिमा कोरोनाले विकराल अवस्था लिएको छिमेकी मुलुक भारतमा करिब २ प्रतिशतले मात्र रोजगारी गुमाएको सेन्टर फर मोनिटरिंग इण्डिया इकोनमी (सीएमआईई) को तथ्यांकले देखाउँछ। यसबाट पनि प्रष्ट हुन्छ कि नेपालमा भविष्यमा अझ कस्तो अवस्था सिर्जना हुन्छ भनेर । किनकी हाल बन्द भएका उद्योग तथा व्यवसायहरु कोरोना महामारी पछि पुनः पहिलेकै अवस्थामा आउन लामो समय लाग्ने छ भने कुनै उद्योग तथा व्यवसायहरु सधैंका लागि बन्द पनि हुन सक्छन्। त्यसबाट अहिले गुमेको रोजगारी पुनः उही अवस्थामै फर्किएला भन्न गाह्रो छ ।

त्यस्तै कोरोना महामारीका कारण रोजगारीको सिलसिलामा भारत गएका लाखौं र तेस्रो मुलुक गएका हजारौं नागरिकहरु घर फर्किएका छन्। घर फर्किएसँगै उनीहरुको आम्दानीको स्रोत पनि बन्द भएको छ। किनकी उनीहरुको आयस्रोत भनेकै वैदेशिक तथा भारतको रोजगारी थियो । त्यो बन्द हुँदा त्यसको प्रत्यक्ष असर न्यून आय भएका नागरिकलाई पर्ने निश्चित छ । यसले विशेषगरी गरिबीको रेखाबाट माथि उक्लिएका धेरै परिवारहरु पुनः गरिबीको रेखामुनि धकेलिने छन्। देशमा गरिबी बढ्ने निश्चित छ । विश्व बैंकको एक अध्ययन अनुसार नेपालमा १०० जना मानिस गरिबीको रेखाबाट माथि उक्लिए भने तीमध्ये २० जना विप्रेषण आयका कारण उक्लिएका हुन्छन् । यसको अर्थ वैदेशिक रोजगारी गुमेमा यी २० जना गरिबै हुने अवस्था छ। विश्व बैंकले नै गरेको अध्ययन अनुसार नेपालमा कोरोना संक्रमणभन्दा अघि भएको १८.७ प्रतिशत गरिबी बढेर ३१.२ प्रतिशत पुग्ने अनुमान गरिएको छ। अर्थात करिब ३५ लाख मानिस पुनः गरिबीको रेखामुनि धकेलिने छन्। यसले विशेषगरी मुलुकको दीगो विकासको लक्ष्यलाई पनि प्रत्यक्ष रुपमा असर गर्नेछ । त्यसैले यो सम्भावित रुपमा बढ्ने गरिबीलाई कसरी घटाउने भन्ने विषय अहिलेको प्रमुख चुनौती हो । यसमा राज्यको योजना तथा तयारीलाई हेर्दा राज्य चुक्दै गएको देखिन्छ। राज्यमाथि नागरिकको आशा तथा भरोसा क्रमशः टुट्दै गएको देखिन्छ । रोजगारी गुमाएका करिब २२ प्रतिशत नागरिकहरु अहिले आफ्नो भविष्य अन्यौल, अनिश्चित र अन्धकार देखिरहेका छन् । निश्चय पनि यी नागरिकका आकांक्षा, अपेक्षा र सपना पूरा गर्नै नसकिने छैनन् होला। एउटा नागरिकलाई देशभित्र सुनिश्चित र सुरक्षित भविष्यको प्रत्याभूति दिलाउने पहिलो दायित्व राज्यको हो । त्यो दायित्व पूरा गर्न राज्य सक्षम र तयार पनि हुनुपर्छ। एउटा समाजवादी राष्ट्रमा कुनै पनि कमजोर नागरिक वा वर्गको दायित्व राज्यको हुन्छ पनि भनिन्छ । तर, हाम्रो सन्दर्भमा समाजवाद भन्ने शब्द संविधानको प्रस्तावनामा मात्र सिमित छ। समाजवादका कुरा गर्ने राज्य संचालकहरु परिवारवाद र नातावादमा लिप्त छन्। यो दुर्भाग्यको अन्त्य नभएसम्म मुलुकले काँचुली फेर्ने आशा पनि गर्न सकिन्न । कोरोनाले वास्तवमै भन्ने हो भने नेपालमा अवसर ल्याएकै हो। विदेशिएका लाखौं नागरिकहरु घर फर्किकै हुन्। कृषिप्रधान देशको रुपमा कहलिएको नेपालले भारतबाट खाद्य तथा तरकारीजन्य पदार्थ आपूर्ति गर्नुपर्ने अवस्था बन्द गर्न सकिने अवस्था प्रवल छ। तर मुलुक यसमा चुक्दै छ। कोरोनाले नेपालमै बेरोजगार भएका र विदेशबाट स्वदेश फर्किएका यिनै जनशक्तिलाई कृषिमा लगाउने अवसर राज्यले गुमाउँदैछ। तुलनात्मक रुपमा अन्य क्षेत्रभन्दा कम प्रभावित भएको कृषि क्षेत्रलाई सरकारले सदुपयोग गर्न सकिरहेको छैन ।

नागरिकलाई कृषि पेशाप्रति आकर्षण बढाउने कुनै योजना र कार्यक्रमहरु संचालनमा आउन सकिरहेका छैनन् । कम लागतमा उच्च उत्पादन गर्ने र उत्पादित वस्तुको बजारीकरणको लागि राज्यले कुनै योजना बनाएको देखिँदैन । अहिले पनि कृषकको उत्पादनले बजार पाएको छैन, किनभने उच्च लागतका कारण भारतबाट आयात भएको खाद्य तथा तरकारीजन्य पदार्थसँग नेपालमा उत्पादित वस्तुले प्रतिस्पर्धा गर्न सकिरहेको छैन । यस्तो अवस्थामा बेरोजगार नागरिक अझ भनौं युवाहरुलाई कृषि पेशामा संलग्न हुनुहोस् भन्न सकिने अवस्था पनि छैन । युवाहरुलाई कृषि पेशामा संलग्न गराउन आकर्षक योजनाको रुपमा रहेको कृषिको अनुदान पनि वास्तविक कृषि पेशामा संलग्न कृषकहरुले पाएको देखिँदैन । त्यो केही टाठाबाठा र नजिकका सम्बन्ध भएका व्यक्तिहरुले मात्र पाएका छन् । वास्तविक किसान त अहिले बैंक तथा विभिन्न वित्तीय संस्थाहरुको ऋणको किस्ता तथा ब्याज तिर्न नसकेर छटपटिरहेको अवस्था छ। बेरोजगारी समस्या समाधान गर्ने अर्को उपाय भनेको स्थानीय स्तरमा विकास निर्माणका कामहरुलाई युद्ध स्तरमा लैजानुपर्ने हो। तर, यसमा पनि राज्य चुक्दै गएको देखिन्छ । विकास निर्माण तथा भौतिक पूर्वाधारको अवस्थालाई हेर्ने हो भने, नेपाल विश्वमै निकै पछि परेको अवस्था छ। यस्तो अवस्थामा विकास निर्माण तथा भौतिक पूर्वाधारमा गरिने लगानीले एकातिर बेरोजगारी र गरिबी समस्या हल गर्न मद्यत गर्छ भने अर्कोतर्फ देशले विकासको बाटो समेत समात्ने निश्चिच्छ छ । तर नेपालका तीनै तहका सरकारहरु यसमा असफल हुँदै गएका छन् । बजेट नेताहरुको भत्ता र सुविधामै सकिने अवस्था छ। विकास तथा भौतिक पूर्वाधार निर्माणले गति लिन नसक्दा स्थानीय स्तरमा तत्काल रोजगारीको अवसर सिर्जना गर्न सकिने अवस्था देखिदैन। अन्ततः काम नपाएर अहिले नागरिकहरु रोजगारीको लागि कोरोना महामारीकै बीच दैनिक रुपमा हजारौंको संख्यामा पुनः भारततर्फ गइरहेको तितो यथार्थता छ । यसले पनि देखाउँछ कि, रोजगारी सिर्जना र गरिबी न्यूनिकरणमा राज्य कहाँ छ भनेर। करिब तीन वर्षअघि अत्यन्त तामझामका साथ शुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रमको अवस्था अहिले बेहाल छ। पाँच वर्षभित्रमा नागरिकहरु रोजगारीका लागि विदेशिनुपर्ने अवस्थाको अन्त्य गर्नेगरी शुरु भएको यो कार्यक्रम तेस्रो वर्षमा चालु भइरहँदा रोजगारीको लागि विदेशिने नागरिकहरु बढे कि घटे, त्यो तपाईहामी सबैलाई जानकारी नै छ । वार्षिक १७ लाखभन्दा बढी बेरोजगार नागरिकहरुले प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारीको लागि आवेदन दिन्छन्। तर, जेनतेन २ लाखले पनि रोजगारी पाउन सक्दैनन्। बाँकी निवेदन दिएका मात्र १५ लाख बेरोजगार नागरिक कि खाडी मुलुक कि भारतको रोजगारीमा भर पर्न बाध्यात्मक अवस्था छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको नाममा अहिले पनि वर्षेनी अर्वौं रकम सकिन्छ। तर त्यसको उपलब्धी आशातित देखिदैन । अर्कोतर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम नागरिकको दिगो आम्दानीको स्रोत बन्न सक्ने आधार पनि छैन। दुर्भाग्य नै भन्नुपर्छ, किसान तथा गरिबका नाममा संचालन गरिने यस्ता खालका थुप्रै कार्यक्रमहरुमा अर्कैले फाइदा लिने तथा भ्रष्टाचार गर्ने माध्यमको रुपमा प्रयोग भएको हामीले देख्दै आएका छौं । अन्त्यमा, राज्यले तय गरेको दिगो विकासको लक्ष्य हासिल गर्न कोरोना महामारीले पक्कै पनि असर गर्न सक्छ। तर, कोरोना महामारीले ल्याएको यस संकटलाई अवसरको रुपमा प्रयोग गर्ने हो भने, यो भन्दा सुनौलो अवसर नेपालका लागि अर्को नआउन पनि सक्छ । अत्यन्त सुझबुझ तथा रणनैतिक योजनाका साथ इमान्दार भएर राष्ट्र विकास र नागरिक हितका लागि काम गर्ने हो भने, त्यो असम्भव पनि देखिँदैन। त्यसको लागि सबैभन्दा पहिला राज्य संचालन तहमा रहेका व्यक्तिहरुले आफ्नो व्यक्तिगत स्वार्थ त्यागेर मुलुकको स्वार्थको बारेमा सोच्न अनिवार्य छ। सुशासन र विकासलाई केन्द्रबिन्दुमा राख्न आवश्यक छ । आशा गरौं, 'यी त भन्ने कुरा न हुन् भन्ने अवस्था नआओस् । कर्णालीटाइम्स

# कर्णालीबाट तिब्बत जोड्ने सडकको ढोका खुल्यो

मिसन न्यूज
भोटेगढी

कर्णाली प्रदेश दैलेखको भैरवी गाउँपालिका र कालिकोटको शुभकालिका गाउँपालिकाबाट तिब्वत जोडने सडकको ढोकाको ट्र्याक खोलिएको छ । पर्यटकीय एवं धार्मिक एवं पर्यावरणिय तिब्बतको मुल ढोका मानिने सडकको कालिकोट शुभकालिका र दैलेखको भैरवी गाउँपालिकामा ट्र्याक खोलिएको हो । ट्र्याक खोलएपछि दुई जिल्लाका दुईवटा गाउँपालिका सडक सञ्जालसँग जोडिएका छन् । चट्टानी पहाडहरू छिचोलेर कच्ची सडक निर्माण सम्पन्न भएपछि दैलेख र कालिकोट जिल्लालाई उत्तर दक्षिण सडक सञ्जालले जोडको हो ।



वीरेन्द्रनगर सुर्खेतदेखि दैलेखको माथिल्लो डुङ्गेश्वर, बैक, मालिका, दुल्लु डाँडामाडी, सिलंगीबजार, कुसापानी, ब्याउलीको लेक, कालिकोट, जुम्ला, मुगु हुँदै तिब्बत जोड्ने सडक अन्तरगर्त भैरवी र शुभकालिका गाउँपालिका सिमा क्षेत्रमा ट्र्याक खोलिएपछि कालिकोट शुभकालिका र भैरवी गाउँपालिका सडक सञ्जाल सँग जोडिदएका हुन् । कर्णाली राजमार्गको वैकल्पिक राजमार्गका रुपमा रहेको यो क्षेत्र धार्मिक,पर्यटकीय र एतिहासिकताले भरिपूर्ण छ । सदियौंदेखी निरन्तर बलिरहने ज्वाला क्षेत्र,नेपाली भाषाको शिलालेख,किर्तिखम्ब पाथरनाउली,दुल्लूदरबार अवलोकन गर्दै यस सडकबाट रारातालको अवलोकेन गर्न सकिन्छ । सडकको स्तरोन्नति भई सञ्चालन भए । कर्णाली राजमार्ग भन्दा ६८ किलोमिटर सडक कम पर्छ । कर्णाली राजमार्गको सेराघाटमा यो सडक जोडिन्छ । दैलेखको भैरवी गाउँपालिका-७ बतासे देखि कालिकोटको शुभकालिका गाउँपालिका-६ भोटेगढीसम्म ट्र्याक खोलिएको छ । सडकको ट्र्याक खोल्न झण्डै पाँच करोड रुपैयाँ खर्च भएको भैरवी गाउँपालिकाका इन्जिनियर हीरासिंह थापाले जानकारी दिए । सडकको स्तरोन्तीका लागि कर्णाली प्रदेश सरकारले बहुबर्षिय योजना अन्तरगर्त २९ करोड रुपैयाँ विनियोजन गरिसकेको इन्जिनियर थापाले बताए । 'सडकखण्ड स्तरोन्ती भएर मुगुसम्म जोडिएपछि यो सडक खण्डनै कर्णाली प्रदेशका लागि आर्थिक केन्द्र बन्न सक्छ',थापाले भने । दैलेखको भैरवी गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर बुढाले सडक कालिकोट जिल्लाको शुभकालिका गाउँपालिका-६ दहचौर हुँदै पानतडीबाट कर्णाली राजमार्गको सेरावाडामा जोडिने बताए । 'यो सडक कर्णाली राजमार्गमा जोडिपछि अहिलेको कर्णाली राजमार्ग दुरी भन्दा ६८ किलोमिटर सडक छोटो पर्छ,' अध्यक्ष बुढाले भने 'यो सडक खण्डबाट मुगु, जुम्ला र कालिकोटको पूर्वी क्षेत्रका नागरिकहरुका लाग आवतजावतमा सहज हुने सडकबाट आवताजावत गर्ने यात्रीले धार्मिक र एतिहासिक र पर्यटकीय स्थलको ज्ञान लिन सक्नेछन्,अध्यक्ष बुढाले भने । पञ्चकोशी तिर्थस्थल भएर जाने यात्रीले दुल्लू नगरपालिका एतिहासिक सम्पदा लगायत धार्मिक सास्कृति अवलोकन गर्दै रारा पुग्नसक्ने र यो सडक खण्ड नै पर्यटकीय मार्ग बन्ने भैरवी गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत भलाराम पंगालीले जानकारी दिए । उनले भने, विकासको मुल पूर्वाधार सडक भएकाले सडकलाई स्तरोन्तीका लागि पहल लागिपरेको छौं ।

सडकको ट्र्याक खोलिएर शुभकालिका जोडिएपनि सडकखण्ड फराकिलो छैन । चटानी पहाड काटेर निर्माण गरिएको सडक फराकिलो नहुँदा सवारी साधनलाई आवतजावत गर्न उत्तिकै समस्या छ । भीर र जंगलै जगल भएर जाने सडकको भैरवी गाउँपालिकाको ७ मा ढुंगाबाट निर्माण गरिएको धर्मशाला,भोटेगढी बेहुलीलेक यात्रीका लागि आर्कषण बन्नेछन् । दुल्लूका एतिहासिक सम्पदाले ज्ञान दिने छन् । ढुंगाबाट निर्माण गरिएको धर्मशाला पाण्डप बनाएको भनिएपनि त्यो धर्मशाला खसकालिकन जुम्लाको हिउँदै राजधानी दुल्लू ओहोरदोहोर गर्न क्रममा पहाडमा हिउँपर्दा विश्राम गर्ने, राती बास बस्ने प्रयोजनका लागि निर्माण गरिएको हुनसक्ने आंकलन गर्न सकिन्छ । सडकसँगै केही समाधीस्थल एवं मन्दिर भएकाले तिब्बतबाट दलाई लामा समेत यहीबाटो भएर हिडेर आएका हुन सक्ने स्थानीयबासीको भनाई छ । भोटेका धेरै निशानी एवं संकेतले सडक एतिहासिक भएको बुढापाकाको भनाई छ । दैलेखको गुराँस,रानिमत्ता, सुर्खेका सिद्दपाईला,सिद्दपाईलामा भोटेको शव जलाउने चिहान समेतले सडक ऐतिहास रहेको स्थानियको भनाई छ ।


## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# बालविवाहविरुद्ध प्रहरीको अभियान

मिसन न्यूज
कालिकोट

कालिकोट जिल्लाप्रहरी कार्यालयले बालविवाहविरुद्ध सचेतनामुलक अभियान संचालन गरेको छ । जिल्लामा उमेर नपुगी हुने विवाह गर्ने प्रवृति धेरै भएकाले यसलाई न्यूनीकरण गर्न प्रहरीले सचेतनामुलक अभियान संचालन गरेको हो । प्रहरीले जिल्लामा प्रहरी निरीक्षक, सहायक प्रहरी निरीक्षकहरुको नेतृत्वमा विभिन्न विद्यालयमा प्रहरीको टोली खटाइ, बालविवाह, छाउपडी प्रथा, छुवाछुत जस्ता सामाजिक विकृतिका विषयमा सचेतना जोगाउन थालिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी भुपेन्द्र शाहीले बताए । उनका अनुसार जिल्लाका ९ वटै पालिकाका माध्यामिक विद्यालयमा अध्यायनरत विद्यार्थीलाई प्रहरीको टोलीले बालविवाह गर्दा आउने शारीरिक, मानसिक समस्या, स्वास्थ्यमा पर्ने असर, प्रगतिमा हुने अवरोध, कानुनी रुपमा भोग्नुपर्ने सजाय र उमेर पुगेपछि हुने विहबाट हुने फाइदाका विषयमा जानकारी गर्ने गरिएको छ । विद्यालय तहमा अध्यायनरत बाल बालिकाहरुले नै बालविवा गर्ने गरेको भन्दै प्रहरीले बालविवाह कम गर्न विद्यार्थीलाई नै सचेत बनाउने अभियान थालेको जिल्ला प्रहरी प्रमुख डिएसपी



चक्रबहादुर शाहाले बताए । उनका अनुसार स्थानीय तह, नागरिक समाज, गैरसरकारी निकाय सबैको सक्रियतामा बालविवाहको समस्या घटाउन सम्भव छ । जिल्ला प्रहरी कार्यालय कालिकोटले समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत जिल्लाव्यापी सामाजिक विकृति विरुद्ध नागरिकलाई सचेत बनाउने कार्यक्रमहरु संचालन गरिरहेको छ । डिएसपी शाहाले भने, 'हामीले बालविवाह, बहुविवाह, लागु औषधदुर्व्यशन, अन्तरगत बालविवाह न्यूनीकरण, छाउपडी प्रथा, जातीयविभेद जस्ता सामाजिक विकृतिहरुका विरुद्धमा गाँउगाँउमा प्रहरी परिचालन गरेका छौं । पहिलो चरण नागरिकलाई यस सम्बन्धी

**बाँकी ८ पेजमा.....**

# पुसमा पहिलो पटक स्याउ फल्यो

मिसन न्यूज
डोल्पा

पुस महिनामा पहिलो पटक डोल्पामा स्याउ फलेको छ । जलवायु परिवर्तनको कारण पहिलो पटक पुसमा स्याउ फलेको हो । जिल्लाको जुफालगायतका विभिन्न गाउँमा पुसमा स्याउ फलेपछि कृषक नै चकित छन् । बागावाणि



विकास केन्द्र जुफालमा समेत स्याउ फलेपछि कृषि विकासका प्राविधिक नै छक्क परेका हुन् । जलवायु परिवर्तनको प्रभाव मौसमको चक्रमा परेर तापक्रममा वृद्धि हुँदा त्यसको असर फलफूलमा पर्दा पुसमा स्याउफलेको कृषि प्राविधिक डिल्ली बोहोराले जानकारी दिए । बोहोराले भने, 'नेपालमा सरदर औसत तापक्रम ०.०६ डिग्री सेल्सियसले बढी रहेको र तराईमा भन्दा हिमाली क्षेत्रमा तापक्रम बढी रहेकोले पनि डोल्पामा स्याउ पुसमा फलेको हुनसक्छ ।'चैत, वैशाखमा फूल फुलेर साउनबाट पाक्ने स्याउ यस वर्ष पुसमा फलेको हो ।कृषकले भने पुसमा स्याउ फल्दा चिन्ता व्यक्त गरेका छन् । 'स्याउ फार्मतर्फ आकर्षण बढ्दै गर्दा पुसमा स्याउ फलेपछि ठूलो संकट आएको हो कि भन्ने चिन्ता बढेको छ', कृषक अर्जुन बुढाले भने । डोल्पामा हाल सय भन्दा धेरै स्याउ फार्म रहेका छन् । हरेक फार्ममा १० केजिसम्म स्याउ फलेको कृषकले बताएका छन् ।

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# जुम्लामा आगलागी हुँदा २५ घर नष्ट

मिसन न्युज
कालिकोट

जुम्लाको तिला गाउँपालिका-७ पोखरीस्थित गोठीगाउँमा आगलागि हुँदा २५ घर नष्ट भएका छन् । सदरमुकाम जुम्ला खलङ्गादेखि ३५ किलोमिटर दूरीमा रहेको उक्त गाउँमा मङ्गलबार सुधारिएको चुल्होको पाइपबाट छतमा भएको घाँसमा सल्केको आगो गाउँभरि फैलिएपछि २५ घर जलेर पूर्णरूपमा नष्ट भएको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षक युवनकुमार चौधरीले बताए। चौधरीका अनुसार घरसँगै २० देखि २५ पशुचौपायाको जलेर मृत्यु भएको छ। 'स्थानीयवासीले दिएको सूचनाअनुसार आगलागी साँझ करिब ७ बजेतिर भएको रहेछ' उनले भने । उनका अनुसार खबर पाउने बित्तिकै तिला-१ रारालिही प्रहरी चौकीका इञ्चार्ज प्रहरी नायब निरीक्षक भुपेन्द्रबहादुर शाहीको नेतृत्वमा तीन र कुडारी प्रहरी चौकीका प्रहरी जवान नरेन्द्र देउवासहित तीन गरी छ जनाको टोली तत्काल घटनास्थलमा पुगेको थियो । पछि सदरमुकाम जुम्लाबाट प्रहरी निरीक्षक नवीन थापा मगरको नेतृत्वमा १५, सशस्त्र प्रहरी सहायक निरीक्षक लक्ष्मीप्रसाद शर्माको नेतृत्वमा ११ गरी २६ प्रहरीको जनशक्ति घटना स्थालमा पठाइएको जिल्ला प्रशासन कार्यालय जुम्लाका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले बताए। गाउँमा एउटा मात्र खानेपानीको धारा भएको र विकट भूगोलका कारण पनि ठूलो क्षति हुन पुगेको प्रजिअ थापाले बताए । आगो पूर्ण रूपमा ननिभेकाले क्षतिको यकिन विवरण आउन नसकेको प्रहरीले जनाएको छ ।




## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल(वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाऔं र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**पचालझरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

**कृषि ज्ञान केन्द्रको कार्यालय**
**कालिकोट**

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर-घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

**पचालझरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको, कार्यालय**
**कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैंक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# नेपालमा ६२ अस्पतालमा १२० खोप केन्द्र

मिसन न्यूज

काठमाडौं

कोभिड-१९ को विरुद्धको 'कोभिशिल्ड' खोप काठमाडौं उपत्यकामा १७ खोपकेन्द्रबाट दिइने भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार बिहान १० बजे गर्ने खोपको भर्चुअल शुभारम्भ गर्नेछन् । काठमाडौं उपत्यकामा १७ अस्पताललाई खोप केन्द्र बनाइएको स्वास्थ्य सेवा विभाग, बालस्वास्थ्य तथा खोप शाखाका निर्देशक डा.झलक शर्मा गौतमले जानकारी दिए । उनका अनुसार काठमाडौंमा १२, ललितपुरमा तीन र खोप केन्द्र बनाइएका उपत्यकाका अस्पतालको निरीक्षणसमेत गरिएको बताए । खोपको शुभारम्भ समारोहमा सातै प्रदेशमा रहेका ६२ अस्पताल र १२० भन्दा बढी खोप केन्द्रबाट सूचीकृत व्यक्तिलाई एकै साथ खोप दिइने छ । यस्तै यही माघ १८ गतेभित्र ७७ जिल्लाका ३०० खोप केन्द्रमार्फत खोप प्रदान गरिने खोप शाखाको तयारी छ । भारत सरकारको अनुदानमा माघ ८ गते १० लाख मात्रा खोप नेपाल ल्याइएको हो । खोप शाखाका निर्देशक डा. गौतमले सबै प्रदेशमा खोप पुगिसकेको



भक्तपुरमा दुई अस्पतालमा खोप केन्द्र रहने छन् । काठमाडौंमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, वीर अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौं मेडिकल कलेज जोरपाटी, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र, सशस्त्र प्रहरी बलम्बु अस्पताल, शहीद गङ्गालाल अस्पताललगायत छन् । ललितपुरको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, किष्ट मेडिकल कलेज र आनन्द वन अस्पतालमा खोप केन्द्र रहने छन् । यस्तै भक्तपुरमा भक्तपुर अस्पताल र कोरियामैत्री अस्पताल रहने छन् । उनले आज बताए । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पहिलो चरणको खोप अभियान शुरु गरेको १० दिनभित्र अभियान सम्पन्न गर्ने छ । सो चरणमा चार लाख ३० हजारलाई खोप प्रदान गरिने छ । सरकारले प्रथम चरणको खोप सक्नुभन्दा अगाडि अर्को चरणको खोप लगाउनका लागि खोप ल्याउने तयारीमा रहेको छ । मन्त्रालयले खोपको समुचित प्रयोग गर्न र खेर जान नदिन आफूले नियमितसमेत गर्ने छ । कोभिशिल्ड खोप अक्सफोर्ड विश्वविद्यालय र एस्ट्राजेनेका नामक औषधि उत्पादक कम्पनीले संयुक्त रुपमा विकास

बाँकी ८ पेजमा.....

# प्रधानमन्त्री कोन्टेद्वारा राजीनामा

एजेन्सी

इटलीका प्रधानमन्त्री जुसेप कोन्टेले मङ्गलबार राष्ट्रपति सर्जियो मातारेलालाई भेटी सरकार प्रमुखबाट राजीनामा दिने जानकारी गराएका छ । 'गणतन्त्र इटलीका राष्ट्रपतिसँग रहेको अधिकार प्रयोग गर्दै प्रधानमन्त्रीले पदबाट दिएको राजीनामा स्वीकृत गर्नुभएको छ' राष्ट्रपतिको कार्यालयद्वारा मङ्गलबार नै जारी विज्ञप्तिमा भनिएको छ । यससँगै मातारेलाले छिट्टै नयाँ



छन् । सरकारद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ, प्रधानमन्त्री कोन्टेले राजिनामा दिने इच्छा राष्ट्रपतिसँग प्रकट गर्नुभएको छ । राष्ट्रपतिको कार्यालयबाट प्राप्त जानकारीमा प्रधानमन्त्रीले राजीनामाका लागि गरेको आग्रहलाई राष्ट्रपतिले स्वीकृत गर्नुभएको उल्लेख गरिएको सरकार गठनका लागि इटलीका राजनीतिक दललाई आग्रह गर्नेछन् ।

वर्तमान् सरकारलाई सन् २०२३ को मार्चसम्म काम गर्ने जिम्मेवारीसहित सन् २०१८ मा पाँच वर्षका लागि कोन्टे इटलीको प्रधानमन्त्री बनेका थिए ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | अध्ययनमा बाधा पुग्नेछ भने वादविवादले समस्या निम्त्याउन सक्छ । तापनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्, सजग रहनुहोला । मंगलवारदेखि स्थितिमा सुधार आउनेछ । |
| वृष : | रमाइलो यात्रा र मनोरञ्जनको आनन्द प्राप्त हुनेछ । अतिथिका रूपमा सत्कार पाइनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । मंगलवारदेखि भने केही समस्यासँग जुध्नुपर्ला । काम बिग्रने डरले सताउन सक्छ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । |
| मिथुन : | प्रतिस्पर्धीहरूलाई उछिन्दै विभिन्न अवसर हात पार्न सकिनेछ । स्रोतसाधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ । रोकिएका काम बन्नाले आर्थिक पक्ष पनि सबल बन्नेछ । दिगो व्यवसायमा हातहाल्ने समय छ । |
| कर्कट : | अध्ययनमा त्यति समय दिन नसकिए पनि रोकिएका काम बन्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ । बीचमा गोपनीयता बाहिरिनाले केही समस्यामा परिएला । |
| सिंह : | तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ । बेसुरमा बोल्ने बानीले दुख्ख पाइनेछ । शुभचिन्तकहरूको सुझावलाई मनन गर्नुहोला । स्वास्थ्य कमजोर हुनाले अध्ययनमा त्यति समय दिन नसकिएला । |
| कन्या : | पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ । दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ । मंगलवारदेखि पारिवारिक समस्याले सताउन सक्छ । साइनो गाँस्नेहरूबाट सजग रहनुपर्ला । |
| तुला : | बुद्धिले लक्ष्यमा पुर्याउनेछ । अध्ययनमा प्रगति हुनेछ । तर, हतारको निर्णयले समस्या निम्त्याउन सक्छ। आत्मसम्मानका लागि मौन रहनु बेस होला । मंगलवारदेखि समय केही संघर्षमय रहनेछ । बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ । |
| वृश्चिक : | नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । खानपान र पहिरनको सोखले खर्च भने बढाउन सक्छ । मंगलवारदेखि चिताएको काम रोकिनाले आर्थिक पक्ष कमजोर बन्नेछ । |
| धनु : | रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिस्थितिले केही थकित तुल्याए पनि मंगलवारदेखि स्थितिमा सुधार आउनेछ । नयाँ काम गर्ने अवसर जुट्न सक्छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । |
| मकर : | व्यापार बढ्नेछ र राम्रै आम्दानी हातलागी हुनेछ । तापनि आकस्मिक खर्च बढ्नाले अर्थ अभाव भने खट्किनेछ । सहयोगीहरूको भर पर्दा काम दोहोर्याउनुपर्ला । विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्न सक्छ । |
| कुम्भ : | नोकरीमा पद प्राप्ति हुनेछ भने व्यवसायमा लाग्नेहरूको प्रगति हुनेछ । पदासीन व्यक्तिसँग निकटता बढ्नेछ । दिगो काम प्रारम्भ हुनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । आम्दानीका स्रोतहरू बढ्नेछन् भने मनग्य धन संग्रह हुनेछ । |
| मीन : | विशिष्ट व्यक्तिसँग भेटघाट गर्ने अवसर जुट्नेछ । लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ । आध्यात्मिक ज्ञानको प्रेरणाले मानसिक सुख प्राप्त हुनेछ । इतिहास एवं धर्म-संस्कृतिको जगेर्नामा रुचि जाग्नेछ । |

## बालविवाहविरुद्ध.......................

सचेतना जोगाइ यस्ता विकृतिहरु भएमा प्रहरीलाई सूचना दिन आग्रह गरेका छौँ। अब कारबाहीमा पनि थप कडाइका साथ लाग्छौँ ।' मुलुकी संहितामा भएको व्यवस्थाअनुसार बालविवाह गर्ने गराउनेलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरीवाना हुने कानुनी व्यवस्था छ।

## प्रदेशसभा अधिवेशन...................

समितिका बैठक पनि बस्न सकेका छैनन् । मध्यपश्चिमाञ्चल विश्वविद्यालयका पूर्वडिन एवं नागरिक सरोकार सङ्घ सुर्खेतका अध्यक्ष पीताम्बर ढकालले केन्द्रीय राजनीतिमा देखिएको द्विविधा प्रदेशमा देखापर्नु स्वभाविक भए पनि प्रदेशसभा बैठक धकेलिनु उपयुक्त नभएको बताए । 'सरकारले चुनौतीको सामना गर्नुपर्ने हुनसक्छ भनेर बैठक नबोलाउनु राम्रो हुँदैन, नागरिकसँग जोडिएका महत्वपूर्ण विधेयक पारित गर्नुपर्ने प्रदेशसभाको दायित्व छ', उनले भने, 'सत्तारुढ पार्टीको चक्रब्युहमा प्रदेशसभालाई पर्न दिनुहुँदैन ।'

## नेपालमा ६१ अस्पतालमा.......

गरेका हुन् । भारतको सेरम इस्सिच्युटले खोप उत्पादन गरेको हो । लक्षित समूहले मात्र खोप पाएको यकिन गर्नका लागि सम्बन्धित संस्थाले खोप पाउने व्यक्तिको सूची सार्वजनिक गर्ने व्यवस्था मन्त्रालयले गरेको छ। खोप केन्द्र रहेको संस्था र स्वास्थ्य कार्यालयका प्रमुखले सूची सार्वजनिक गर्नुपर्ने हुन्छ । खोपको अनुगमन जिल्ला कोभिड -१९ खोप समन्वय समितले गर्ने छ । पहिले चरणमा फोहरमैला व्यवस्थापनमा खटिने फोहर सङ्कलक तथा चालक, एम्बुलेन्स तथा शववाहन चालक र सहचालक, प्रत्यक्ष उपचारको सेवा दिने वा खोप व्यवस्थापनमा खटिने स्वास्थ्यकर्मी, खोप केन्द्र खटिने सुरक्षाकर्मी तथा स्वयंसेवक, शव व्यवस्थापनमा खटिने व्यक्ति, स्वास्थ्य स्वयंसेविका, अन्तरराष्ट्रिय प्रवेशविन्दुमा कार्यरत स्वास्थ्यकर्मी र अन्य कर्मचारी, वृद्धाश्रमका व्यक्ति तथा हेरचाहमा खटिने कर्मचारी एवं कारागारका कैदी र सुरक्षाकर्मीलाई खोप दिइने छ। नेपालमा अहिले कोभिड-१९ को सङ्क्रमण दुई लाख ६९ हजार ७८९ जनामा देखिएको छ । सङ्क्रमणबाट दुई हजार ११ जनाको निधन भइसकेको छ।


### मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय
कालिकोट

### विद्युतीय कारोवारलाई विश्वसनीय कानुन सम्मत र सुरक्षित बनाउन विद्युतीय हस्ताक्षर को प्रयोग गरौँ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

### हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौँ। गरिबी न्यूनिकरण गरौँ।

खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय
कर्णाली प्रदेश, कालिकोट नेपाल

### बेस्ट कर्णाली मिडियाद्वारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता
- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

### 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

सम्पर्क ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत